# गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेंशी, रसुवा
बागमती प्रदेश, नेपाल

प.सं.　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　मितिः २०७८।४।२९

च.नं.

**बिषयः-** जानकारी सम्बन्धमा ।

गोसाईकुण्ड गाउँपालिकाको वडा नं. ५ पुरानो स्याफ्रुबेंशी (वाङबि) बजारको बस्तीभन्दा माथि रहेको भीरबाट मिति २०७८/४/८ गते र २०७८/४/२९ गते गरी दुई पटक आएको पहिरोको कारण स्थानीय २६ घर परिवार विस्थापित भएका छन् । खास गरी २०७८/४/२९ गते विहान अन्दाजी ५ वजे आएको ठूल्ठूला ढुङ्गाहरु सहितको पहिरोबाट २ वटा घरहरु पूर्णरुपमा क्षति भई बाँकी रहेका २४ घरधुरीहरु समेत जोखिममा रहेको अवस्था छ । पहिरोको सम्भावित जोखिम कायमै रहेकाले उक्त स्थानमा रहेका सम्पूर्ण घर परिवारलाई तत्काल उद्धार गरी सुरक्षित स्थानमा राख्नु पर्ने अवस्था सिर्जना भएको हुँदा २०७८/४/२९ गते विहानै देखि गोसाईकुण्ड गाउँपालिकाको संयोजनमा क्रियाशिल राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, स्थानीय सुरक्षा निकायका सुरक्षाकर्मीहरु, नागरिक समाजका अगुवाहरु, स्थानीय संघसंस्था लगायत सबैको सक्रियतामा स्थानीय स्तरमा रहेका सार्वजनिक तथा सामुदायिक भवनहरु खाली गराई पीडित व्यक्तिहरुलाई सुरक्षित रुपमा राखी तत्कालको लागि आवश्यक खाद्यान्नको व्यवस्था गरिएको छ । थप सहयोग तथा समस्या समाधान गर्नको लागि उक्त मितिमै गाउँपालिका अध्यक्ष श्री कैसाङ नुर्पु तामाङज्यूको पहलमा स्थानीय स्तरमा रहेका जलविद्युत आयोजनाहरुको प्रमुखसँग बसेको बैठकको निर्णय र रसुवा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरी प्रसाद ढकालज्यू लगायत जिल्ला स्तरका सम्पूर्ण सुरक्षा निकायका प्रमुखज्यूहरु, जिल्लास्थित सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रमुखहरु, स्थानीय स्तरका सुरक्षा निकायका प्रमुखहरु, गाउँपालिका कार्यालयका कार्यालय प्रमुख लगायत जिम्मेवार कर्मचारीहरु, वडा नं. ५ का वडा अध्यक्ष र स्थानीय सम्पूर्ण समाजसेवी तथा संघ संस्थाहरुको स्थलगत अनुगमनपछि गोसाईकुण्ड गाउँपालिकाको **स्थानीय विपद व्यवस्थापन समिति**को बैठक बसी सो समितिको बैठकबाट भएका निर्णयहरु समेत देहाय बमोजिम सार्वजनिक गरिएको व्यहोरा अनुरोध छः

**स्थानीय स्तरमा निर्माणाधिन र सञ्चालनमा रहेका जलविद्युत आयोजनासँगको बैठकबाट भएको निर्णय:**

ढुङ्गा सहितको पहिरोबाट स्थानीय २६ घर परिवारमा विपद आएको सम्बन्धमा व्यापक छलफल भयो । नयाँ निर्माणाधिन लगायत देहायका जलविद्युत कम्पनीहरुले उक्त विपद आउनुको प्रमुख कारण र क्षतिको यथार्थ विवरणको लागि अध्ययन गरी विपदमा परेका घर परिवारलाई तत्काल उद्धार, राहत तथा पहिरो नियन्त्रणको लागि आवश्यक सहयोग गर्ने र उक्त सहयोग आजको मितिबाट बढीमा १ हप्ता भित्र उपलब्ध गराउने प्रतिबद्धता समेत गर्ने ।

- मल्टी इनर्जी डेभलपमेन्ट प्रा. लि. (लाङटाङ खोला जलविद्युत आयोजना- २० मेगावाट)
- लाङटाङ भोटेकोशी जलविद्युत कम्पनी (सिनो हाइड्रो ब्यूरो – ७, १२० मेगावाट)
- चिलिमे जलविद्युत केन्द्र २० मेगावाट

२०७८।४।२९

# गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## स्याफ्रुबेशी, रसुवा
## बागमती प्रदेश, नेपाल

प.सं. मितिः

च.नं.

**स्थानीय विपद व्यवस्थापन समितिको बैठकका निर्णयहरुः**

१. पहिरोबाट विपदमा परेका घर परिवारहरुलाई तत्काल उद्धार तथा राहतको वितरणमा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति तथा स्थानीय संघ संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्ने र आगामी दिनहरुमा समेत यस्तै किसिमको सहयोगको अपेक्षा गर्ने ।

२. पहिरोको जोखिमबाट विपदमा परेका घर परिवारलाई क्षतिको आधारमा गोसाईकुण्ड गाउँपालिकाको तर्फबाट प्रति परिवार आवश्यक राहत रकम उपलब्ध गराउने र रसुवा जिल्लाको जिल्ला विपद व्यवस्थापन समितिलाई आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।

३. विपदमा परेका घर परिवारलाई उद्धार गरी सुरक्षित स्थानमा राख्न गोसाईकुण्ड गाउँपालिको जिम्मामा रहेका सम्पूर्ण सामुदायिक भवनहरु तथा खाली रहेका सरकारी भवनहरु उपलब्ध गराउने र अपुग हुने ४ वटा कोठा गाउँपालिकाको लगानीबाट तत्काल निर्माण गरी उपलब्ध गराउने ।

४. पहिरो गईरहेको भूगोलको सम्बन्धमा भौगर्भिक अध्ययन गर्न केन्द्रीय भूगर्भ विभाग र सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाहरुमा अनुरोध गरी समस्या समाधान गर्ने ।

५. विपदबाट प्रभावित २६ घरधुरीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक जमिन तथा अन्य आवश्यक स्रोतको व्यवस्थापनको लागि जिल्ला विपद व्यवस्थापन समिति रसुवा मार्फत केन्द्रीय विपद व्यवस्थापन समितिमा अनुरोध गर्ने ।

अन्तमा, विपदको यो घडीमा सुरक्षित र सम्यमित रहन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत